# सुन्दरहरैंचा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
प्रदेश नं. १, नेपाल

# कृषि प्रसार कार्यविधि २०७८

# कृषि प्रसार कार्यविधि २०७८

**पृष्ठभुमि**

सुन्दरहरैंचा नगरपालीकाको अर्थतन्त्रको मुख्य केन्द्रविन्दुको रुपमा रहेको कृषि क्षेत्रलाई समसामयिक एवं परिणाममुखी बनाउने क्रममा महत्वपूर्ण स्थान राख्ने आधुनिक कृषि कार्यक्रम कृषि बिकास कार्यालयहरुबाट प्रदान गरिने प्रसार सेवाको प्रक्रियाहरुलाई कार्यान्वयन स्थानीय तहबाटै सञ्चालन गरिने भएको हुंदा कृषि योजनाले परिलक्षित गरे अनुसारको उद्देश्य प्राप्तिको निमित्त कृषि नीतिले प्रदान गरेको जिम्मेवारी, चुनौती र कार्यहरु सफलतापूर्वक वहन गर्न सक्ने अवस्था निर्माण गर्न उपयुक्त कृषि प्रसार कार्यबिधिको खाँचो महसुस भएको हुंदा यो कार्यबिधि तयार गरिएको छ।

## सुन्दरहरैचा नगरपालिकाको कृषि क्षेत्रको कार्य निति

१.निर्बाहामुखि कृषि पेशालाई व्यबसायिक बनाउन स्थानिय स्रोत साधनलाई प्रयोग गर्दै प्रबिधिहरुको उच्चतम प्रयोग गरिनेछ।

२ नगर क्षेत्रका युवा महिला लक्षित मौरीपालन तरकारी तथा च्याउ खेतिमा अनुदान दिई युवा कृषकहरुको आय आर्जन बृद्धि तथा स्वरोजगार गराईनेछ।

३.नगर क्षेत्रमा रहेका कृषकहरुलाई स्थलगत घुम्ति तालीम नगर स्तरिय तालीमबाट कृषि सम्बन्धि ज्ञान सिप अवधारणामा परिबर्तन गराई व्यवासायिकता गर्न उत्प्रेरणा गरिनेछ।

४.व्यवासायिक केरा कागति खेति बिस्तारमा अनुदान दिई क्षेत्र बिस्तार तथा बजारको मागलाई केरा तथा कागति आपुर्ति तथा बाह्य जिल्लाहरुमा निर्यात गरिनेछ।

५. मौषमी तथा बेमौषमी तरकारी उत्पादन तथा बजारिकरणको लागी उन्नत जातका बीउ तथा प्रबिधि प्रसारको लागी तरकारी किट प्याकेज प्रदर्शनि कार्य गरिनेछ।

६.खाद्यन्न बाली मध्य धान बालीको उत्पादन तथा उत्पादकत्व बढाउन उन्नत बीउमा अनुदान दिई खाद्यन्नमा आत्मानिर्भर गराईनेछ।

७. पर्यावरणीय सन्तुलनको लागी एकिकृत सत्रु जीब व्यवस्थापन संबन्धि जानकारी गराउन कृषक पाठशाला सञ्चालन गरिनेछ।

८.बेलाबेलामा बालीमा माहामारीको रुपमा देखिने रोग कीरा नियन्त्रणको लागी आकस्मिक बाली संरक्षण सेवा सञ्चालन गरिनेछ।

९.कृषि उत्पादन लागत कम गर्न कृषि यान्त्रिकरण गर्न आधुनिक कृषि उपकरणहरु अनुदानमा उपलब्ध गराई प्रयोगमा ल्याईनेछ। उपकरण प्रयोग पस्चात लागत बिश्लेषण समेत गराईनेछ।

१० कृषि उत्पादनमा अति आवश्यक सिंचाई कार्यको लागी स सना पैनि मर्मत सुधार बोरिङ्ग स्यालो ट्युबेल निर्माणको लागी उद्यमी कृषक कृषक समुह कृषि सहकारी संस्थाहरुमा अनुदान दिईनेछ।

११ प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अर्न्तगत पकेट पहिचान ,पकेट सञ्चालन गरी बजारमुखी कृषि उपज उत्पादन गरी कृषकको आय आर्जन बढाईनेछ।

१२ नगरपालीका र कृषक बीच साझेदारी कार्यक्रम अर्न्तगत कृषि उपज बस्तुहरुको प्रसोधन गर्न स साना व्यवसायमा अनुदान दिईनेछ। साथै साना व्यवासायमा आवश्यक कृषि सामाग्री उत्पादनको लागी उत्पादनका साधनहरुमा समेत अनुदानको प्रबन्ध गरिनेछ।

१३ अव्यवस्थित रुपमा सञ्चालन भएका बजारहरुलाई व्यवस्थित गराउन सहयोग गरिनेछ।

१४ कृषकहरुबाट उत्पादित कृषि जन्य बस्तुहरुलाई बजारीकरण गर्न सहयोग गरिनेछ।

**१ कृषक समूह**

१.१. कृषक समूह गठन/पुनर्गठन

● नगरका कृषकहरूलाई नयाँ समूहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताहरूले लक्षित गाउँको विभिन्न ठाउँमा कृषक भेला गरी समूहको उपयोगिताबारे जानकारी गराउनुपर्दछ।

● नयाँ समूह गठन गर्नुपर्दा स्थानीय जनसमुदायहरूको भेला गरी समूहमा आवद्ध हुन आग्रह गर्ने र स्वस्फूर्त रुपमा गठन भई समूहहरूलाई समेत समेटी प्राविधिक सहयोग पुऱ्याउनुपर्दछ।

● कुनै स्थान विशेषमा पहिले देखि रहिरहेका कृषक समूहहरू छन् भने तिनको पहिचान गरी पुर्नगठन गर्नुपर्दछ।

● शुरुमा प्राविधिकहरूबाट सहयोग र राय सल्लाहका साथ कृषक समूह गठन गर्दा अति आवश्यक रजिष्टर्ड, कपी, कलम, फाइल, कागज जस्ता सामग्रीहरू उपलब्ध गराउनु प्रभावकारी हुन्छ।

● प्रत्येक आर्थिक वर्षमा नयाँ समूह भए गठन र पुराना भए नवकिरण गरी नगरपालकि कृषि शाखाले समूह विवरण संकलन गर्नुपर्दछ।

●नगरपालिका कृषि शाखामा कृषक समूह दर्ता गरी तिनीहरूको अभिलेख राख्ने कार्यलाई नियमित रुप दिनुपर्दछ। यसको लागि कृषक समूहहरूलाई आ-आफ्नो समूह विवरण फाराम
सहित दर्ताको लागि आवेदन गर्न उत्प्रेरित गर्नुपर्दछ।

**समूह दर्ताको लागि निवेदन तथा विवरण फाराम**

श्रीमान शाखा प्रमूख ज्यू,
सुन्दरहरैचा नगरपालिका कृषि शाखा,
विषय समूह दर्ता गरी पाउ,

प्रस्तुत विषयमा कृषि पेशालाई मर्यादित तथा व्यवसायिकरण गर्न हामी ...........वडाका कृषकहरु.स्व स्फूर्त गठित भई समूहमा आवद्ध भएको हुदा ........... नामक समूह .......... दर्ता गरिदिनु हुन निम्न विवरण सहित यो निवेदन पेश गरेका छौ।

.............................
समूह अगुवाको दस्तखत
मिति

## समूहको विवरण

समूहको नाम ...................................................... स्थापना बर्ष ............
न.पा. ............. वडा नं. ............. टोल ................................................................
समूहको उद्देश्य
...........................................................................................................
..............................................................................................................................
.

सदस्य संख्या पुरुष ................ महिला .................... जम्मा .....................

| क्र.सं. | पदाधिकारीहरूको नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल | दस्तखत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नियमित वैठक वस्ने दिन महिनाको .....गते
प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु. .....
हाल सम्मको हितकोषमा जम्मा रकम रु. ........

## कृषक समूह दर्ता प्रमाण-पत्र नमूना

नगापालीका .दर्ता नं.

सुन्दरहरैंचा नगरपालीका
कृषि शाखा

## कृषक समूह दर्ता प्रमाण-पत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस नगरपालीकाको . . . . . .. . वडा नं. .. मा मिति . . . . . . . . .. मा गठित श्री . . . . . . . . . . . . . . कृषक समूहलाई यस शाखाको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

मितिः- ..... .....

(........................) (........................)
समुह दर्ता गर्ने शाखा प्रमुख

**समुह दर्ता /नविकरण शुल्क**
क) समुह दर्ता रु.२००।
ख) समुह नविकरण रु.१००।
ग) नविकरण प्रत्येक बर्ष गर्नुपर्नेछ।

**२ नगर स्तरिय कृषक तालिम**

परिचय : कृषिका विभिन्न विषय विशेष तालिमहरू जिल्लास्तरमा ३ दिनसम्म सञ्चालन गरिनेछ। यस तालिम २०-२५ जना कृषक सहभागी हुनेछन्।
उद्देश्य : कृषकहरूको विषय विशेष ज्ञान सीप अभिबृद्धि गर्नु।

### कार्यविधि :

१. नगर स्तरिय तालिम ३ दिनको सम्म हुन सक्ने छ।
३. नगर स्तर तालिममा न्युनतम २० र बढीमा २५ जना सहभागी र सहभागीमध्ये ३३ प्रतिशत

महिला सहभागिता गराईनेछ ।
४. नगरस्तरिय तालिममा सहभागी हुने कृषकहरुले नियमानुसार यातायात खर्च पाउने छन ।
६. नगर स्तरिय तालिममा १ दिनमा ४ वटा कक्षा भन्दा बढि कक्षा राखिने छैन ।
७. तालिम सञ्चालन खर्च नगरपालिका कृषि शाखा बाट बेहोरिनेछ ।
८. तालिमका लागि सहभागी कृषक छनोट संबन्धित वार्ड र कृषि शाखाको समन्वयमा गरिनेछ ।
९. तालिम सञ्चालन नगरपालीकामा कार्यरत कृषि अधिकृत प्रा.स/ना.प्रा.स.तथा बाह्य बिषेशज्ञ हरुलाई प्रशिक्षकका रुपमा सहभागी हुनेछन ।

**आर्थिक पक्ष**

१ समय अवधि दिन ३
२ सहभागि संख्या २०-३० जना
३ प्रशिक्षक भत्ता रुपैया ७००।-
४ कार्यपत्र रुपैया ८००।-
५ चियापान रुपैया १५०।- प्रति दिन प्रति सहभागी
६ शैक्षिक सामग्री रुपैया १००।-प्रति सहभागी
७ व्यवस्थापन खर्च एकमुष्ट ५०००।-(उद्घाटन,समापन व्यानर तथा अन्य स्टेशनरी फोटोकपी समेत)
८ सहभागीहरुको लागी नियमानुसार यातायात खर्च ।

## ३ नगरस्तरीय विषादी खुद्रा विक्रेता तालिम

जीवनाशक विषादी ऐन, २०४८ र नियमावली, २०५० मा भएको प्रावधान बमोजिम विषादीको विक्री वितरण गर्नको लागि विषादी विक्रेताले अनिवार्य रुपमा विषादी खुद्रा विक्रेता इजाजत पत्र लिनुपर्ने हुन्छ । इजाजत पत्र लिनको लागि सम्बन्धित व्यक्तिले विषादीको सुरक्षित भण्डारण तथा प्रयोग सम्बन्धी तालिम लिई त्यस पश्चात् लिइने परीक्षामा उत्तीर्ण हुनुपर्दछ । सोही प्रयोजनको लागि नगरमाविषादी खुद्रा विक्रेता तालिम सञ्चालन गरिन्छ ।

उद्देश्य :

- कृषक समुदाय तथा विषादी खुद्रा विक्रेताहरूलाई विषादीको सुरक्षित भण्डारण तथा नियन्त्रित प्रयोग गर्न प्रोत्साहन गर्नु ।
- इच्छुक विषादी खुद्रा विक्रेताहरूलाई विषादी खुद्रा विक्रेता इजाजत पत्र लिनुपूर्व तत् सम्बन्धी आवश्यक ज्ञान तथा सीप प्रदान गर्नु ।

कार्यविधि :

नगरमा विषादी पसल सञ्चालन गरिरहेका वा विषादी पसल खोल्न इच्छुक विषादी विक्रेता/ व्यक्तिहरूबाट आवश्यक संख्यामा आवेदन प्राप्त भैसकेपछि नगरपालीका कृषि शाखाले तालिम मिति निर्धारण गरी सम्बन्धित विक्रेताहरूलाई सहभागी हुन जानकारी गराई स्वीकृत नर्म्स बमोजिम तालिम आयोजना गर्नु/गराउनुपर्दछ तालीम सञ्चालन गर्दा बिषादी पन्जीकरण तथा शाखाको समन्वयमा सञ्चालन गरिनेछ ।

तिन दिनसम्म सञ्चालन हुने यो तालिममा विषादीको सुरक्षित भण्डारण तथा प्रयोग सम्बन्धी कक्षाहरू सञ्चालन गर्नुपर्नेछ ।

**विषादी विक्रेता तालिममा समावेश गरिने मुख्य मुख्य विषयहरू**

- जीवनाशक विषादी ऐन २०४८ र नियमावली २०५० बारे जानकारी ।
- विषादी खुद्रा विक्रेता इजाजत पत्र उपलब्ध गराउने विधि बारे जानकारी ।
- जीवनाशक विषादी र तिनको प्रकार ।
- नेपालमा चलन चल्तिमा रहेका विषादीको वर्गीकरण ।
- विषादीको सूचीकरण ।
- जीवनाशक विषादी र तिनको विषालुपना ।
- विषादी र वातावरण ।
- विषादीको सुरक्षित प्रयोग, ढुवानी र भण्डारण ।
- विषादी जन्य दुर्घटनाहरू र तिनबाट वच्ने उपायहरू ।
- विषादीको सूचक पत्र तिनको अध्ययन गर्ने तरिका ।
- विषादी प्रयोग गर्दा प्रयोग गरिने सुरक्षित पहिरनहरू ।
- विषादीको दुरुपयोगका कारण र तिनका समाधानका उपायहरु ।
- रासायनिक विषादी प्रयोग न्यूनीकरण गर्ने विधि
  - एकीकृत शत्रुजीव व्यवस्थापन
  - वनस्पतीजन्य विषादी
  - बायो पेष्टिसाइड (Bio-pesticide)
- विषादीको प्रयोग सम्बन्धी सामाग्रीहरुको उचित सदुपयोग (Handling)

तालिम सञ्चालन नगरपालीका कृषि शाखाका कृषि अधिकृत ,प्राबिधिकहरु र अन्य विषय विशेषज्ञहरूले गर्ने र क्षेत्रीय बाली संरक्षण प्रयोगशाला तथा विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाबाट श्रोत व्यक्ति माग गर्नुपर्दछ । तालीम पश्चात् परीक्षा सञ्चालन गरी सो को उत्तरपुस्तिका विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखामै पठाउनुपर्नेछ । Result Sheet प्राप्त भएपछि नगरपालीकामा कार्यरत कृषि अधिकृतले इच्छुक उत्तीर्ण विषादी विक्रेताहरूबाट आवेदन लिई विक्री कक्ष समेत निरीक्षण गरी विषादी खुद्रा पसल सञ्चालन गर्न अनुमति पत्र दिईने व्यवस्था मिलाईनेछ ।

**आर्थिक पक्ष**

१ समय अवधि दिन ३
२ तालीममा सहभागी कृषक संख्या २०-३० जना
३ प्रशिक्षक भत्ता रुपैया ७००।-
४ कार्यपत्र रुपैया ८००।-
५ चियापान रुपैया १५०।- प्रति दिन प्रति सहभागी
६ शैक्षिक सामग्री रुपैया १००।-प्रति सहभागी
७ व्यवस्थापन खर्च एकमुष्ट ५०००।-(उद्घाटन,समापन व्यानर तथा अन्य स्टेशनरी फोटोकपी समेत)

**४ घुम्ती स्थलगत कृषक तालिम**

परिचय :नगरपालीकाको प्रभावक्षेत्र भित्रका पकेट क्षेत्रहरु तथा अन्य कृषक समूहरुलाई छोटो समय अवधिको कृषक स्तरीय तालिम सञ्चालन गर्ने कार्य जरुरी भएको र पकेटक्षेत्रका कृषकहरुको समस्या थलोमा समाधान गर्ने र समयसापेक्ष नयां प्रविधिहरु कृषक समक्ष पुऱ्याउन यस तालिमको अंहम्

भूमिका रहेकोले यस किसिमको तालिम पकेट क्षेत्रमा तथा कृषक समूहहरुका बीचमा सञ्चालन गर्न आवश्यक महसुस पछि उक्त तालिम संचालन गरिने छ।

**उद्देश्य**

क . बाली, वागवानी, मौरी, च्याउ, तथा बाली संरक्षण सम्बन्धि लगायत अन्य महत्वपूर्ण प्रविधिको समय सापेक्ष रुपमा प्रसार एवं हस्तान्तरण गर्ने ।

ख . सम्बन्धित बालीको पकेटक्षेत्र एवं कृषक समूहहरुलाई आइ परेका समस्याहरुको स्थलगत रुपमै समाधान गर्ने ।

ग . कृषकहरुलाई प्रविधि अनुसरण गर्न उत्प्रेरीत गर्ने र जागरुक कृषकलाई प्राविधिक ज्ञान दिलाउने ।

## कार्यविधि :

४.१. घुम्ती स्थलगत तालिम १ दिनको सम्म हुन सक्ने छ।

४.२. घुम्ती स्थलगत तालिममा न्युनतम २० र बढीमा २५ जना सहभागी र सहभागीमध्ये ३३ प्रतिशत महिला सहभागिता हुनु पर्ने छ।

४.३. घुम्ती स्थलगत तालिमममा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता खर्च पाउने छैनन्।

४.४. घुम्ती स्थलगत तालिममा १ दिनमा ४ वटा कक्षा भन्दा बढि कक्षा राखिने छैन।

४.५. तालिम सञ्चालन खर्च नगरपालिका कृषि शाखा बाट बेहोरिनेछ।

४.६. तालिमका लागि सहभागी कृषक छनोट संबन्धित वार्ड र कृषि शाखाको समन्वयमा गरिनेछ।

४. ७. तालिम सञ्चालन गर्दा नगरपालीका अर्न्तगत सम्बन्धित बालीको पकेट र कृषक समूहमा नै सञ्चालन गरि नगरपालीकामा कार्यरत कृषि अधिकृत प्रा.स/ना.प्रा.स. हरुलाई प्रशिक्षकका रुपमा सहभागी गराईने छ।

४.८. तालिम सञ्चालन हुने मिति, समय र स्थान निश्चित गरी सो को जानकारी सम्बन्धित वार्डमा दिनुपर्नेछ।

**घुम्ती स्थलगत कृषक तालिम आर्थिक पक्ष**

क. अवधि दिन १

ख. प्रशिक्षक पारिश्रमिक

ग . कक्षा लिए बापत (अधिकतम ४ कक्षा / दिन ) रु./कक्षा ७००

घ.कार्यपत्र बापत रु./कार्यपत्र ८००।

ङ. शैक्षिक सामाग्री प्रति व्यक्ति रु ५०।

च. खाजा खर्च (सहभागी एवं प्रशिक्षक समेत अधिकतम ३० जनाका लागि) रु./व्यक्ति/दिन १००।

छ व्यवस्थापन खर्च रु १०००।- (ब्यानर, मार्कर तथा अन्य शैक्षिक सामाग्रीहरु)

**५ नगर स्तरीय कृषक गोष्ठी**

कृषिका कार्यक्रमहरू वास्तवमा सबै कृषकको लागि नै हुन्छन्। त्यस्ता कार्यक्रमहरूमा कृषकको पृष्ठपोषण (Feedback) अनिवार्य हुन्छ। यसमा कृषि विकासको क्रममा कृषकहरूलाई एकिकृत गरी कृषिका विविध पक्षहरूमा छलफल गरिन्छ।

उद्देश्य– योजना निर्माण देखि कार्यान्वयन, मूल्यांकन आदिमा नगरका कृषकहरूसंग औपचारिक एवं अनौपचारिक रुपमा छलफलहरू गर्ने अवसर प्रदान गर्नु/गराउनु।

कार्यविधि– सहभागी कृषकहरूलाई गोष्ठीको तिथि मिति निर्धारण भएपछि अग्रीम रुपमा सूचित गरिन्छ ।

- सकेसम्म सहभागीहरूलाई वढी भन्दा वढी छलफलमा भाग लिने वातावरण गराई उनीहरूबाट अन्तिम निर्क्यौल निकालिनुपर्दछ।

**आर्थिक पक्ष**

क. अवधि दिन १

ख. प्रशिक्षक पारिश्रमिक

ग .गोष्ठि संचालन बापत (अधिकतम ४ सेसन / दिन ) रु./कक्षा ७००

घ.कार्यपत्र बापत रु./कार्यपत्र ८००।

ङ. शैक्षिक सामाग्री प्रति व्यक्ति रु ५०।

च. खाजा खर्च (सहभागी एवं प्रशिक्षक समेत अधिकतम ३० जनाका लागि) रु./व्यक्ति/दिन १००।

छ व्यवस्थापन खर्च रु १०००।- (ब्यानर, मार्कर तथा अन्य शैक्षिक सामाग्रीहरु)

## ६ भ्रमण कार्यक्रम

### .६.१ अन्तर जिल्ला कृषक भ्रमण

परिचय : कृषकहरूलाई वरपरका जिल्लाका उत्पादन स्थल वा फार्महरूमा भ्रमण गराउँदै आईएको भएतापनि हालको परिप्रेक्ष्यमा यस्तो भ्रमणलाई बाली उत्पादन कार्यक्रमसंग आबद्ध गराउनुपर्दछ। यस्तो भ्रमणबाट विभिन्न कृषकहरूले जिल्लाहरूमा कृषि प्रविधिहरूबारे अवलोकन गरी सिक्ने मौका पाउँदछन्

**उद्देश्य** - कृषकहरूलाई नौलो (उन्नत) प्रविधि देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुऱ्याउनु ।

**प्रकृया**

● भ्रमणको लागि केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गर्नुपर्दछ ।

● भ्रमण कार्यक्रम (अवलोकन स्थल, वस्ने स्थान आदि) अग्रीम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरू तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नुपर्दछ ।

● भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताई दिनुपर्दछ ।

● भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनुपर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ ।

क अवधि - ३-५ दिन

ख सहभागी कृषक - २५-३० जना

ग. बस रिजर्भेशन भाडा तथा व्यवस्थापन रु./दिन ३०,०००।-

घ. चियापान प्रति व्यक्ति प्रति दिन रु.१५०।

ङ स्टेशनरी /व्यक्ति व्यक्ति रु.१००।

च कृ.दै.भ्र.भ. नगरपालीको नियमानुसार

## ७ कृषि बुलेटिन प्रकाशन

परिचय : नगर स्तरमा जनचेतना जगाउन, प्रविधि प्रसार गर्न तथा कृषिको व्यावसायिकरण तथा विविधिकरणमा टेवा प्रदान गर्न एवं कृषि सम्बन्धी गतिविधिहरुबारे सरोकारवालाहरुलाई सु-सूचित गराउने उद्देश्यले कृषि बुलेटिन प्रकाशन गरिनेछ ।

उद्देश्य : नगर स्तरमा कृषकको आवश्यकता अनुसार प्रविधि प्रसारण गर्ने तथा कृषि गतिविधिहरुबारे सरोकारवालाहरुलाई सु–सूचित गराउने ।

कार्यविधि

क. नगरस्तरमा सम्भाव्य प्रविधिहरुलाई समेटेर जानकारीमुलक प्रविधि, आगामी सिजनमा गरिने प्रमुख कृषि कर्महरु, अनुसन्धानबाट सिफारिश भएका नया प्रविधि, सफलताको कथा, समस्या समाधानमूलक जानकारी तथा मुख्य मुख्य कृषि गतिविधि इत्यादि संलग्न गरेको हुनुपर्नेछ ।

ख. बुलेटिन प्रकाशन  बाली, वागवानी,बाली संरक्षण, बजार, कृषि प्रसार आदि सबै क्षेत्रका जानकारी समेटिएको हुनुपर्नेछ ।
ग. प्रकाशनलाई यथासम्भव सहभागितात्मक बनाउनुपर्नेछ ।

**नगर  कृषि विकास समिति**

नगरपालीकामा कृषि प्रसार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न निती निर्माण तथा स्वीकृत कार्यक्रमहरु कार्यन्वयन गर्नको लागी तपसिलमा उल्लेखित नगर कृषि बिकास समिति रहनेछ ।

संयोजक, नगर प्रमुख
सदस्य प्रमुख प्रशासकिय अधिकृत
सदस्य :पशु सेवा शाखा प्रमुख
सदस्य, आर्थिक प्रशासन प्रमुख
सदस्य, कृषक प्रतिनिधि
सदस्य : शाखा अधिकृत (प्रशासन)
सदस्य-सचिव,  कृषि विकास  शाखा प्रमुख

द्रष्टव्य– समितिमा उल्लेख गरिएका सदस्यहरू वाहेक कार्यक्रममा सघाउ पुऱ्याउन आवश्यक देखिएमा वढीमा चार जना व्यक्ति सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**८ नगरपालीका तथा उद्यमि कृषक, कृषक समुह,कृषि सहकारी संस्था बीच साझेदारी कृषि कार्यक्रम**

**उद्देश्य** :

क. उद्यमी कृषक,कृषक समूह, एवं कृषक सहकारी सस्थाको हितकोष रकम तथा कृषकको निजी लागत कृषि क्षेत्रको उत्पादन एवं उपलब्धि मुलक क्षेत्रमा प्रभावकारी परिचालन गर्ने ।
ख.उद्यमी कृषक,कृषक समूह/सस्थाको संस्थागत लगनशिलता कार्य दक्षता एवं जिम्मेवारीपनको विकास गर्दै क्षमता वृद्धि गर्ने ।
ग. कृषिको व्यावसायीकरणमा टेवा पुऱ्याउने ।

प्राविधिक पक्ष :

कृषकहरुलाई समूहमा संगठित हुन सहयोग पुऱ्याई उनीहरुको समूहलाई नै कृषि प्रसारको सुनियोजित एवं सशक्त माध्यमको रुपमा उपयोग गर्ने उद्देश्यले नेपाल सरकारको निकायहरुमा दर्ता भएका कृषक समूह एवं कृषि सहकारी संस्थाहरु उद्यमी कृषकहरुको प्रस्तावनाको आधारमा उद्यमि कृषक, कृषक समूह/कृषि सहकारी सस्थालाई उत्पादन साधनको आपुर्ति, उत्पादित वस्तुको खरिद बिक्री, सङ्कलन, प्रशोधन, प्रविधि प्रसार तथा समूह/सहकारीमा आधारित खेती प्रविधि सञ्चालन प्रकृयामा सहयोग पुऱ्याउन कृषि शाखाबाट सहयोग प्राप्त गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ । उद्यमी कृषक,कृषकसमूह/सहकारी सस्थाले पेश गरेका प्रस्तावनाहरु मध्ये उपयुक्त प्रस्तावनाको छनौट गरी सो उद्यमी कृषक कृषक समूह वा संस्थालाई आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

**कार्यक्रम सन्चालन कार्यविधि**

क. कृषि शाखाले वार्षिक कार्यक्रममा बजेट प्रस्ताव गर्ने ।
ख. कार्यक्रम बजेट प्रस्ताव गर्दा एक वर्षका लागि सञ्चालन गर्न सकिने आयोजनाका लागि बजेट प्रस्ताव गर्ने ।
ग. नगरपालीका कृषि शाखा बाट साझेदारीका लागि सार्वजनिक रुपमा सूचना प्रवाह गर्ने ।
घ. साझेदारी कार्यक्रम प्रस्ताव गर्दा कृषिबाट सेवा प्रभावकारीतामा वृद्धि गर्न आय आर्जन कार्यक्रम, प्रविधि प्रसार कार्यक्रम जस्ता कार्यक्रमका लागि प्राथमिकता दिने ।

ङ. कार्यक्रमका लागि उद्यमी कृषक कृषक समूह /कृषि सहकारी सस्थाबाट तोकिएको ढांचामा निवेदन लिने ।
च. कार्यक्रम सन्चालनका लागि समूह/संस्था छनौट गर्दा महिला, दलित, जनजाती, विपन्न वर्ग एवं पछाडि परेका वर्गलाई प्राथमिकता दिने ।
छ.उद्यमी कृषक ,कृषक समूह/सस्थाको प्रस्तावना कार्यान्वयन सम्बन्धी निर्णय नगर कृषि विकास समितिबाट स्विकृत गराउनु पर्ने ।
ज. आयोजना छनौट र मूल्यांकनका आधार कृषि शाखाले निर्धारण गरी सोही आधारमा प्रस्तावना छनौट गर्ने ।
झ. स्विकृत भएका आयोजना उद्यमि कृषक, समूह, सस्था मार्फत कृषि शाखाको निर्देशन तथा स्वीकृत प्रस्तावना अनुसार सन्चालन गर्ने ।
ञ. कार्यालयबाट उपलब्ध गराउने रकम उद्यमि कृषक समूह/सस्थांको बैकं खाता मार्फत उपलब्ध गराउने ।
ट. कार्यक्रम निर्धारित आ.व.भित्र सम्पन्न गरि सक्नु पर्ने ।

**९ साना सिंचाई विशेष कार्यक्रम**

क. परिभाषा

साना भन्नाले सिंचाईका स-साना स्किमलाई जनाउँछ । साना सिंचाई विशेष कार्यक्रले ५ हेक्टर देखी माथि सिंचाई हुनेगरी नगरपालीका कृषि शाखाको तर्फबाट बढीमा रु. ३ लाख सम्म अनुदान दिने र उपभोक्ताको तर्फबाट कम्तीमा ४० प्रतिशत योगदान दिई कार्यक्रम सञ्चालन गरिने । यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहहरुमा केन्द्रित रहेर मात्र कार्यान्वयन गरिनेछ । भने स सना स्यालो टयूवेल (बोरिङ्ग पम्पसेटको हकमा उद्यमी/व्यवासायी कृषकहरुमा समेत अनुदानमा सहभागी गराईनेछ । उक्त बोरिङ्ग पम्पसेटले न्युनतम ०.२५ हेक्टर भन्दा माथि सिंचाई गर्न सकिने गरि स्किम प्रस्ताव पेश गर्न सकिनेछ ।

**ख. उद्देश्य**

सिंचाईका स-साना स्किमहरु बनाएर कृषक सहभागिताको आधारमा नगरपालीका क्षेत्रका कृषकलाई उत्पादन वृद्धिको माध्यमबाट आय आर्जनमा टेवा पुऱ्याउनुनै यसको प्रमुख उद्देश्य हो ।यस कार्यक्रममा कृषि सहकारी संस्था,कृषक समुहमा आबद्ध दलित, गरीब एवं महिला कृषकलाई प्राथमिकता दिइनेछ ।

**ग. प्रक्रिया**

- सूचना प्रवाह गर्ने
- कृषक समूह/कृषक सहकारी संस्था उद्यमी /व्यवासायी कृषकहरुबाट निवेदन/दरखास्त लिने
- नगरपालीका कृषि विकास समितिबाट छनोट गराउने ।
- लागत इस्टिमेट तयार गरी अनुदान रकमको ३ प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्टयाउने
- कम्तिमा ४० प्रतिशत रकम वा श्रमदान वा जिन्सी सामग्री उपभोक्ता/निवेदक संस्थाबाट योगदान दिनुपर्नेछ ।
- ओभरसीयर वा इन्जिनियर एवं कृषि शाखाका प्राविधिकहरुको रेखदेखमा स्किम कार्यान्वयन गराउने ।
- निधारित रकम सदुपयोग साथ स्किममा खर्च गरी नगर कृषि बिकास समितिबाट फरफराक गर्ने ।
- कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने ।
- सम्पूर्ण प्रक्रियामा पारदर्शिता अपनाउने ।

• बोरिङ्ग पम्पसेट मोटर जडान कार्य कृषि शाखा र ईन्जनियर/ओभरसियर बाट अनुगमन गराई कार्य सम्पन्न्न पस्चात भुक्तानी गरिनेछ। अन्य निर्माण कार्यको हकमा  ईन्जिनियरको कार्य सम्पन प्रतिबेदन प्राप्त पस्चात कृषि बिकास समितिको अनुगमन गराई भुक्तानीको व्यवस्था गराउने।

**१०. बाली विकास कार्यक्रम**

**१०.१ नतिजा प्रदर्शन**

अनुसन्धानबाट प्राप्त कुनै नयाँ प्रविधिको महत्व सिद्ध गरी कृषकहरूलाई देखाउन नयाँ प्रविधि र पुरानो प्रविधिको तुलनात्मक परिणामको लागि यो प्रदर्शन सञ्चालन गरिन्छ। खाद्यान्न बाली, दाल, तेलहन, तथा अन्य बालीहरूमा एकै पटक एक अथवा एक भन्दा वढी प्रविधिहरूको तुलना गरी देखाउन पनि यो शैक्षिक तरिका प्रयोग गर्न सकिन्छ।

१०.२ खाद्यान्न, बाली

उद्देश्य– प्रदर्शित प्रविधि स्थानीय हावापानी सुहाउदो छ भन्ने कुरा देखाउँदै नयाँ प्रविधिको उपयुक्तता सिद्ध गर्नु।

कार्यविधि– नतिजा प्रदर्शनको लागि जग्गा छनौट गर्दा निम्न कुरामा ध्यान दिनुपर्दछ।

- सकभर सजिलैसँग निरीक्षण गर्न/गराउन सकिने हिसावमा सडकको छेउछाउमा हुनुपर्दछ।
गाईवस्तुले नोक्सान पुर्‍याउने किसिमको हुनुहुदैन।
- नतिजा प्रदर्शन कुनै एक खास समस्यालाई लिएर गर्दा वढी प्रष्ट हुन जान्छ। जस्तै

○ पंक्तिमा रोप्ने विरुद्ध छरुवा पद्धति।

○ स्थानीय जात विरुद्ध उन्नत जात।

○ किटनाशक औाधि छर्ने विरुद्ध नछर्ने।

○ हरियो मलको प्रयोग विरुद्ध प्रयोग नगर्ने।

○ रासायनिक मल प्रयोग गर्ने विरुद्ध स्थानीय गोठे मलको मात्र प्रयोग गर्ने आदि।

● प्रदर्शन सामग्रीको साथमा निम्न कागजातहरू कृषकलाई दिने व्यवस्था मिलाउनुपर्दछ।

● प्रदर्शन गर्न लागिएको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने ्समय, मलजल दिने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा।

● कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरू र समय, प्रदर्शन प्रति कृषकको धारणा जस्ता प्रदर्शन गर्दा उपलब्ध भएका विवरणहरू रेकर्ड गर्नुपर्दछ।

● सबै सामग्री जुटाई सकेपछि कृषकहरूलाई सहभागी गराई प्रदर्शन कार्य गर्नुपर्दछ र सबै कुराहरूको अभिलेख राख्नुपर्दछ। जस्तैः

○ वर्षा भएको दिन

○ रोग कीरा लागेको भए विवरण।

● प्रदर्शन प्लटमा निम्न विवरण सहितको वोर्ड राख्ने व्यवस्था गर्नुपर्दछ।

○ प्रदर्शनको किसिम

○ कृषकको नाम

○ बाली किसिम/जात

○ क्षेत्रफल

○ मलखादको मात्रा
○ आरम्भ गरेको मिति आदि ।
• नतिजा प्रदर्शन प्लटमा कृषकहरू जुटाई समय समयमा अवलोकन भ्रमण गराउनुपर्दछ ।
• नतिजा प्रदर्शन प्लटमा प्रदर्शन गरिएको बालीको रेकर्ड विश्लेषण गरी त्यसको सकारात्मक
नतिजा अन्य कृषकहरूमा पनि विस्तार गर्नुपर्दछ ।

**आर्थिक पक्ष : बाली अनुसार कृषि शाखाको लागत स्टिमेट अनुसार सदर गरको बराबरको रकम**

## ११ उन्नत बीउ कीट वितरण (तरकारी)

कुनै स्थान विशेषमा सफलता पाएको कुनै पनि हाईब्रिड ,उन्नत या स्थानीय जातको बीउलाई कुनै ठाउँमा उन्नत बीउ किट वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य-लोकप्रिय भएको तरकारी बालीको बीउ कुनै स्थानको आसपासका कृषकहरूलाई जानकारी दिन

कार्यविधि-लोकप्रिय देखिएका तरकारी बीउहरू खरिद गरी स-साना प्याकेटमा प्याकेजिङ्ग गरेर कृषकहरूलाई वितरण गर्नुपर्दछ ।

**आर्थिक पक्ष : बाली अनुसार कम्तिमा एक कठ्ठा जग्गामा पुग्ने बीउ बराबरको रकम वा कृषि शाखाको लागत स्टिमेट अनुसार सदर गरेको बराबरको रकम प्रति उन्न्त किट बराबर रु.१५०। (एक शय पचास ) रकम  बराबर सम्मको प्रति कीट बीउ खरिद गरि वितरण  गर्न सकिने ।**

## १४ क्रप कटिङ्ग•

प्रति बाली कटानी स्थानीय जिल्ला दररेट अनुसार १ दिनको अदक्ष ज्यामी ज्याला बराबरको रकम खर्च गर्न सकिने । उपयुक्त सबै कार्यक्रमहरु विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नु पर्ने छ ।

### १५ कृषि हाटबजार वा संकलन केन्द्र स्थापना

हाटबजार वा संकलन केन्द्र स्थापना गर्दा रु. १०००,०००।- दश लाख सम्मको पूर्वाधार विकास संवन्धी कार्यक्रम सञ्चालनको लागि नगरस्तर मै साझेदारीमा सम्पन्न गर्न प्राथमिकता दिने । यसमा स्थानीय उपभोक्ताले सेड निर्माण /बजार भवन/बजार स्थल सुधार गरीने जग्गाको व्यवस्था गर्नुको साथै कुल लागतको कम्तिमा ४० प्रतिशत खर्च व्यहोर्नु पर्ने छ । बाँकी लागतमा नगरपालीका आफैंले ब्यहोर्न सक्नेछ ।

**१६ खुद्रा मूल्य संकलन**

पाक्षिक रुपमा खुद्रा मूल्य संकलन गर्दा प्रतिपटक रु. ५००।- खर्च गर्न सकिने छ ।

**.१७  कृषक पाठशाला**

आधुनिक कृषि प्रविधि प्रसार गर्ने सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूहलाई
नै सम्भव भएसम्म कृषक पाठशालाको रुप दिई यिनीहरूकै माध्यमबाट आइ.पि.एम. प्याकेज समेत समाबेश गरी कार्यक्रम सञ्चालन गरिन्छ ।

उद्देश्य- कृषकहरूलाई उनीहरूकै खेतवारीमा कुनै एक बाली बिशेषमा उन्नत प्रबिधि तथा कृषकको आफ्नै प्रबिधि बीच तुलनात्मक अध्ययान गराउदै बिभिन्न बिशेष बालीको जातीय परिक्षण तथा बाली पाक्ने अवधिभर एकिकृत रुपमा  वातवरणिय मैत्री बालीनालीको रोग कीरा नियन्त्रण  गर्दै स्वच्छ बाली उत्पादन गर्न व्यवहारिक, प्रयोगात्मक र खोजपूर्ण तरिकाहरू अपनाई नियमित रुपले बाली वातावरणप्रणालीको अवलोकन र समूह छलफलको आधारमा आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरूको समाधान गर्न दक्ष वनाउनु ।

**पाठशाला सञ्चालन बिधि**

क ) कृषक पाठशालालाई प्रविधि विकास एवं प्रयोगको थलोको रुपमा अघि वढाउन निम्न अनुसार कार्यक्रमहरूलाई एकिकृत रुपमा समेटिएको छ ।यस्ता कृषक पाठशालाहरूमा बाली संरक्षणको अलावा अन्य प्रविधिहरू जस्तै: एकिकृत माटो व्यवस्थापन, उत्पादनका उन्नत प्रविधिहरू सवै एकिकृत रुपमा लैजानुपर्नेछ ।

५.१.१ स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी १  पटक)

कृषक पाठशाला शुरुवाट गर्नु अगाडि प्राविधिक र कृषकहरूको उपस्थितिमा एक आपसमा अन्तरक्रिया गर्न स्थानीय वस्तुस्थिति, कृषक समस्या र आवश्यकताको आधारमा दुई तीन पटकसम्म स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी सञ्चालन गरिन्छ ।

**स्थलगत तालिम सञ्चालन**

२० देखि २५ जनासम्म महिला तथा पुरुष कृषकहरू जम्मा गराई बाली अवधिमा नियमित रुपले व्यवहारिक तथा प्रयोगात्मक तालिम सम्भव भएसम्म बाली अवधिमा नै सञ्चालन गरिन्छ ।

**कृषक पाठशाला दिवस**

कृषक पाठशालाका सहभागी कृषकहरू, कार्यक्रम सञ्चालनमा संलग्न प्राविधिकहरू,नगरस्तरीय कृषिसंग सम्बद्ध निकायहरू तथा आमन्त्रित व्यक्तिहरूको उपस्थितिमा कृषक पाठशाला दिवस १ दिन मनाईनेछ ।

४. कार्य सञ्चालन र कार्यविधि कृषक पाठशाला सञ्चालन गर्नु अगाडि .सहजकर्ता जनप्रतिनिधि, शाखा प्रमुख, विषय विशेषज्ञ समेत स्थलमा गई नगरले निर्धारण गरेका पकेट क्षेत्रहरुमा गठन भई सकेका, पुनर्गठन गर्नुपर्ने भए सो गरि नयाँ कृषक, महिला वा मिश्रित समूहको समेतसहभागिता हुने गरि २५जनाको कृषक समूह छनोट गर्न ३ पटक अन्तरक्रिया गोष्ठी गर्ने ।

तुलनात्मक अध्ययन तथा परिक्षणहरु सञ्चालन गर्न आवश्यक जग्गा (अन्नबालीको लागि न्युनतम १००० वर्ग मि. र तरकारीको लागि ५०० वर्ग मि.खेत/बारीको छनोट गर्ने र कृषकहरु जम्मा भई छलफल गर्ने स्थानको निर्धारण गर्ने ।

- कुनै बिशेष बालीमा, बाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको एक दिन विहान ७ बजे देखि १२ बजे सम्म अध्ययन र तालिम सञ्चालन गर्ने ।
- हरेक बालीमा, बाली नभित्र्याउँदै अन्य कृषकहरुमा यस प्रविधिको विस्तार गर्ने उद्देश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण, स्टल निरिक्षण, सांस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउँदा तथा अन्तिम बाली पछिको कृषक दिवसमा सहभागी कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह सञ्चालन गर्ने ।

## जिम्मेवार निकाय

मुख्य जिम्मेवारी : सुन्दरहरैंचा न.पा. कृषि शाखा

- कार्यक्रमको सम्भाव्य प्रतिफल नगरले निर्धारण गरेका पकेट क्षेत्रहरुमा कृषक समूह मार्फत कृषिमा उन्नत प्रविधिहरु स्थलगत रुपमा अध्ययन परिक्षणहरु राखि कृषक सहभागिता र छलफलबाट आ-आफ्नो खेतको पर्यावरणको अध्ययन गरि विषादीको प्रयोगलाई निरुत्साहित गरेर पर्यावरण प्रदुषित हुनबाट

जोगाई कृषि उत्पादनमा वृद्धि ल्याउन कृषक स्वयंलाई दक्ष बनाउने ।

- यसरी विषादीको खपतमा कमि हुन पुगेको खण्डमा यसबाट भविष्यमा हुन सक्ने नकारात्मक असरबाट वातावरणलाई जोगाई विषादी आयात खर्च र स्वास्थ्य सुधार खर्चमा समेत कमी

ल्याउन सकिने ।

- उत्पादन लागत घट्ने ।
- कृषकको ज्ञान र सीप बढी सशक्तिकरण हुने ।
- उत्पादन र आम्दानी बढ्ने ।
- कृषक समूहहरु सक्षम भई सहकारी उन्मुख हुने ।

**आर्थिक पक्ष** : १ सहभागीहरुलाई चिया नास्ता प्रति व्यक्ति प्रति दिन रु. १००। का दरले
२ प्रशिक्षण प्रति दिन २ कक्षा प्रति कक्षा रु.१५००।
३ स्टेशनरी अवधिभर २ पटक प्रति पटक प्रति सहभागी रु.१००। का दरले
४ उत्पादन गर्ने सामाग्रीहरु (मल बीउ बिषादी तथा अन्य सामाग्रीहरु) एकमेष्ठ रु.१०,०००।
५ कृषक पाठशाला दिवस मनाउन एकमुष्ठ रु.८०००।
६ अन्य स्टेशनरी तालीम सामाग्रीहरु एकमुष्ठ रु २५००।

## १९ माटो परिक्षण सञ्चालन

**परिचय :**

योजनावद्ध रुपले खास ठाउँको माटोको समस्यालाई प्रस्ट्याउन अभियानको रुपमा माटो परिक्षण शिविर सञ्चालन गरिन्छ। यस्तो शिविर तीन दिन सम्म गर्न सकिन्छ।

**उद्देश्य :**

- कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु।
- बाली उत्पादन क्षेत्रमा स्थलगत माटो विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिश गर्नु।

कार्यविधि :

- क्षेत्रीय माटो परिक्षण प्रयोगशालाले माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवा उपलब्ध गराउनुपर्नेछ। उक्त रसायनहरुको मुल्य तथा शिविरमा खटिईएका प्रयोगशालाका बिज्ञ तथा प्राबिधिकहरुको दैं.भ्र.भ.नगरपालीकाले व्यहोर्नेछ।
- नगरपालीका कृषि शाखाले कृषकहरुलाई कार्यक्रमवारे जानकारी गराई अन्य सबै व्यवस्थापन गर्नुपर्दछ।

प्राविधिक मापदण्ड -

- माटो परीक्षण शिविर सञ्चालन ३ दिन
- पहिलो र दोस्रो दिन माटो परीक्षण
- तेस्रो दिन माटो व्यवस्थापन तालिम/अन्तरकृया तथा सिफारिस अनुसार कृषि चुन वितरण

## २० कृषि यान्त्रीकरण

कृषि उत्पादन लागतमा कम गरि बडि मुनाफा गर्न गराउन आवश्यक स सना यन्त्रहरु (पावर टिलर,मिनी टिलर, च्याप कटर ,कर्न सेलर,रिपर, ,स्प्रयेयर जस्ता सामाग्रीहरुलाई ५० प्रतिशत मुल्य अनुदानमा उपलब्ध गराईनेछ।

## २१ व्यावसायिक बगैंचा स्थापना केरा तथा कागति

विभिन्न भौगोलिक क्षेत्र अनुसार यस नगरपालीकामा प्राथमिकता पाएका फलफूलहरू कागति, केरा व्यावसायिक तवरले उत्पादन गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ।

उद्देश्य- स्थानीय तथा वाह्य वजारमा माग पूर्ति गर्ने गरी केरा/कागति उत्पादन गर्न सहयोग पुर्‍याउनु।

**कार्यविधि-**

सुचना प्रवाह
निबेदन संकलन
स्थलगत निरिक्षण
प्राबिधिक प्रतिबेदन
बिरुवा रोपण कार्य सम्पन्न प्रतिबेदन
प्रतिबेदन बाट प्राप्त अनुसार कृषि बिकास समिति अनुगमन तथा निर्णय

**आर्थिक पक्ष :**

व्यवासयिक कागति/केरा खेति बिस्तार गर्ने आबेदक कृषकहरुलाई कृषि शाखाको निर्देशन अनुसार खेति बिस्तार गरेका कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रति कठ्ठा रू.१०००। एक हजारको दरले कृषकहरूलाई नगद उपलब्ध गराईनेछ ।

## २२ आकस्मिक बाली संरक्षण सेवा

नगर क्षेत्र भित्रका कुनै बालीहरुमा सक्रमण रोग तथा किराहरुको आकस्मिक प्रकोप सम्बन्धी सूचना आएमा वा र बाली संरक्षण संबन्धि मागको आधारमा बाली संरक्षण रोग किरा नियन्त्रणको लागी अभियान सञ्चालन गरिनेछ उक्त अभियानमा विषादी अथवा सामग्री वा दुवै खरिद गरी उपलब्ध गराउन सकिनेछ । साथै नगर क्षेत्रका कुनै वाडमा बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) समेत सञ्चालन गर्न सकिन्छ

**आर्थिक पक्ष**

क क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स
आदि) रु २०००
ख सुझाव पर्चा, फ्याक्ट सिट छपाई रु ३०००
ग स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि ) रु ५००
घ बाली उपचार शिबिर व्यवस्थापन खर्च पटक रु २०००
ङ खाजा खर्च रु २०००
च प्रतिवेदन तयार रु २०००
छ बिषादी वितरण रु ८५००

**प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना (पकेट सञ्चालन)**

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाबाट तयार गरिएको कार्यबिधि २०७३ लाई अध्यान गरि कार्य सञ्चालन गरिनेछ ।